प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल

सचिव बैठक - पुष १५, २०७७

<u>निर्णयहरु :</u>

१. प्रदेशको राजधानी स्थापनाका लागि गुरुयोजना तयार गर्न उक्त स्थानमा रहने सबै मन्त्रालयले आ-आफ्नो मन्त्रालय र मातहतका सोही परिसरमा रहने निकायहरुको पूर्वाधार निर्माण गर्न आवश्यक जग्गा, भवन संरचना, भवन परिसरमा बनाइने अन्य पूर्वाधार लगायतको मन्त्रालयगत योजना सहितको विस्तृत विवरण तयार गरी प्रदेश पूर्वाधार विकास प्राधिकरण र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

२. प्रदेश सरकारका मन्त्रालयहरुबाट वजेट, नीति तथा कार्यक्रमको कार्यान्वयनका क्रममा निर्माण गरिएका कार्यविधि, मापदण्डका प्रावधानहरु लक्षित वर्गमा केन्द्रित गर्न समस्या परेको भए सम्वन्धित मन्त्रालयहरुले नियमानुसारका आवश्यक प्रक्रिया पूरा गरी सम्वन्धित वर्ग क्षेत्र केन्द्रित हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

३. नेपालको संविधान, कार्यविस्तृतीकरण प्रतिवेदन, विभिन्न ऐनहरु तथा प्रदेश सरकारको कार्य विभाजन नियमावली बमोजिम मन्त्रालयहरुको कार्य जिम्मेवारी भित्रका कार्य एवम् क्रियाकलापहरु कार्यान्वयनका लागि आवश्यक ऐन कानून निर्माणको कार्ययोजना शीघ्र तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

४. प्रदेश सरकारका संगठन संरचनामा रहेका रिक्त पदहरुमा पदपूर्ति गर्न सबै मन्त्रालय एवम् निकायहरुले स्वीकृत दरवन्दी भित्र रिक्त रहेका पदहरुको कार्यालय समेत खुल्ने विवरण तयार गरी सात दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

५. प्रदेश सरकारका कुनै कार्यक्रम/आयोजना कार्यान्वयन गर्न संघ, स्थानीय तह, निजी क्षेत्र वा अन्य निकायहरुसँग समन्वय आवश्यक भए अविलम्व गरी कार्यान्वयन प्रक्रिया अगाडि वढाउने । सो सम्वन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट समन्वय वा सहजीकरण हुन आवश्यक भए लेखी पठाउने ।

नि.